# गैंडाकोट नगरपालिकाको आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम

यस नगरसभामा उपस्थित नगर सभाका आदरणीय सदस्य ज्यूहरु

वर्तमानमा विश्वव्यापी संक्रमणको रुपमा फैलिरहेको कोरोना भाइरस रोगको संक्रमण बाट मानव सभ्यता र मानव जाति माथि नै अकल्पनीय संकट आइपरेको छ। महामारी विरुद्द जुट्न परेको यस कठिन घडीमा संघीय गणतन्त्रात्मक शासन व्यवस्था स्थापना पश्चात ऐतिहासिक निर्वाचनबाट जननिर्वाचित भई स्थानिय सरकार संचालनको महत्वपूर्ण अभिभारा ग्रहण गर्दै आज यस गैँडाकोट नगरको सातौँ ऐतिहासिक एंव गरिमामय नगर सभामा आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवको अनुभुति भएको छ। प्रस्तुत नीति तथा कार्यक्रमले नगरवासीको जीवन रक्षा गर्ने, जिविको पार्जनमा टेवा पुर्याउने तथा महामारी बाट प्रभावित भएको नगरको विकास प्रक्रियालाई समेत माथि उठाउने कार्यमा योगदान पुर्याउने छ भन्ने विश्वास लिएको छु ।

देशमा विभिन्न कालखण्डमा सम्पन्न ऐतिहासिक जन आन्दोलनहरुको उपलब्धि स्वरुप संविधान सभाबाट निर्मित नेपालको संविधान अनुसार जनताको आफ्नो घरदैलोको सरकार स्थापित गर्न स्थानीय तहको निर्वाचनमा अत्यन्तै उत्साह एंव उल्लासपूर्ण ढंगबाट सहभागी भई हामीलाई यस नगरको भविष्य कोर्ने गहन जिम्मेवारी प्रदान गर्नुहुने सम्पूर्ण नगरवासीहरुमा हार्दिक कृतज्ञता एंव धन्यवाद व्यक्त गर्न चाहन्छु।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रियहित, राष्ट्रिय स्वाभिमान लोकतन्त्र स्थापनाका लागि भएका विभिन्न आन्दोलन हरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्दान्जली अर्पण गर्दछु । ति आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको महान योगदानको पुन: स्मरण गर्न चाहन्छु।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड - १९ को माहामारी बाट स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवार प्रति गहिरो समबेदना प्रकट गर्दछु। कोभिड- १९ बाट स्वदेश तथा विदेशमा संक्रमित सम्पूर्ण नेपालिहरुमा शीध्र स्वास्थ्य लाभको कामना गर्दछु।

संकटको यस घडीमा एकजुट भई माहामारीको रोकथाम नियन्त्रण र उपचारको कार्यमा अग्रपंक्तिमा अहोरात्र खटिनुहुने चिकित्सक, स्वस्थ्यकर्मी सरसफाइकर्मी, एम्बुलेन्स चालक, लगायत रास्ट्रसेवक कर्मचारीको योगदानको उच्च प्रशंसा गर्दछु । जोखिमपूर्ण यस परिस्थितिमा आ-आफ्नो तहबाट खटिनु हुने जनप्रतिनिधि, राजनीतिक दल, संचारकर्मी उद्योगी, व्यवसायी निजि क्षेत्र, नागरिक समाज लगायत सबै व्यक्ति संघ संस्थाहरुलाई धन्यबाद दिन चाहान्छु। साथै पिडितहरुको राहत एवं व्यवस्थापनका लागि गैंडाकोट नगरपालिकाले स्थापना गरेको विपद व्यवस्थापन कोषमा स्वैच्छिक रुपमा योगदान गर्नुहुने विद्यालयहरु, बैंक तथा वित्तीय संस्था, व्यक्ति तथा अन्य संघ संस्था एवं स्वास्थ्य सामाग्री तथा जिन्सी सामान सहयोग गर्नुहुने सबै महानुभाव प्रति आभार प्रकट गर्दछु। साथै गैंडाकोट नगरपालिका एवं नगरवासीहरुको हित र सम्वृद्धिका लागि योगदान पुर्याउनु हुने आम नागरिक, विभिन्न राजनीतिक दलहरु, संघसंस्थाहरु, बुद्धिजिवि, समाजसेवी, पत्रकार लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक सम्मान व्यक्त गर्दछु।

संघीयताको पूर्ण कार्यान्वयनको क्रममा तत्काल कार्य संचालनका लागि हामीमा नीतिगत एवं कानुन अस्पस्टता रहेको भएतापनि आगामी दिनहरूमा बन्ने संघ, प्रदेश र स्थानीय सरकारका अधिकार, दायित्व एवम् जिम्मेवारी सम्वन्धी प्रष्ट व्यवस्थाहरु सहितका कानुनहरुबाट यी तीन तहका सरकारहरुको अन्तरसम्वन्ध, स्रोतसाधनको बाँडफाँड, राजश्वको परिचालन जस्ता विषयहरुमा पक्कै पनि स्पष्ट र व्यवस्थित हुँदै जानेछ भन्ने हाम्रो पूर्ण विश्वास छ । आज हामी नागरिकहरुको उर्लदों आवश्यकता र चाहाना र आफ्नो टोल आँगनमा विकासका गतिविधिहरु छिटो आइपुग्न सकुन भन्ने इच्छालाई उचित तवरले सम्बोधन गर्नुपर्ने चुनौतिपूर्ण घडीमा उभिएका छौं। नेपाल सरकारबाट हामीलाई प्राप्त हुने सिमित वित्तिय अनुदान र शशर्त अनुदान तथा नगरको अत्यन्तै सानो र सीमित अवस्थामा रहेको आन्तरिक स्रोतको दायराभित्र रहेर समग्र नगरलाई माहामारीबाट मुक्त गराउदै समृद्धि उन्मुख र सुविधा सम्पन्न बनाउन द्रुततर ढंगबाट विकास निर्माणका गतिविधिलाई अगाडि बढाउनुपर्ने गहन जिम्मेवारीमा रहेका छौ।

हाम्रो ५ वर्षे कार्यकालको चौथो वर्षमा प्रवेश गरेका हामी अझै सुरुका केही समय त करिव करिव नगर र वडा कार्यालयहरुको भौतिक पूर्वाधारको समुचित व्यवस्थापन, सेवा प्रवाहका संयन्त्र र पद्धतिहरुको विकास, नगरको दीर्घकालिन सोच (Vision, Mission, Goal / Objective) तय गरी नगरको आवधिक योजना, विभिन्न क्षेत्रगत गुरुयोजना तथा योजनाहरु, विभिन्न कार्यविधी तथा निर्देशिकाहरु र मापदण्डहरुको निर्माण गरी नगरको दिगो विकास व्यवस्थापनका आधार स्तम्भहरु तयार गर्ने दिशामा नै तल्लिन भईरहदा कोभिड-१९ मा बर्तमान माहमारिले थप जटिलता सृजनागरेको छ । यिनै चुनौतीहरुका विच आम नगरवासिहरुलाई छिटो, छरितो, भरपर्दो र त्रुटिरहित सेवा सुबिधाहरु उपलब्ध गराउनु पर्ने दायित्व हामि माथि छ।

वर्तमानको यस अवस्थामा आगामि आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संविधानले व्यवस्था गरे मुताविक समाजवाद तर्फ उन्मुख गैंडाकोट निर्माण अभियानलाई सार्थकता दिने आधारमा रही नगरको समग्र स्वास्थ्य सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै प्रस्तुत नीती तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः निम्न दस्तावेज तथा मार्ग दर्शनलाई आधारको रुपमा लिइएको छ।

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन २०७४
३. नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्य
४. गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्य
५. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग
६. अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन २०७४
७. नेपाल सरकार र प्रदेश सरकार बाट प्राप्त वित्तीय समानीकरण र सशर्त अनुदानको बजेट
८. तत्कालिन आवश्यकता पहिचान तथा कोभिड -१९ जोखिमको सम्बेदनशिलता
९. राष्ट्रिय योजना आयोगका विभिन्न योजनाहरु
१०. दिगो विकासका लक्ष्यहरु

बजेट तथा कार्यक्रम तयारीको क्रममा केन्द्र र प्रदेश बाट प्राप्त बजेट सीमा र नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तय गरिएको सीमा भित्र रही वडा समितिहरु मार्फत वडा स्तरमा संचालन हुने आर्थिक, सामाजिक, पूर्वाधार विकास लगाएतका कार्यक्रम तथा योजनाहरुको छलफल र प्राथमिकिकरण गरी नगरपालिकामा प्राप्त गरिने छ। त्यसपछि आर्थिक, सामाजिक, पूर्वाधार विकास, विपन्न वर्ग र प्रबर्धनात्मक क्षेत्र तर्फका कार्यक्रमहरुको समेत अध्ययन गरी वडा स्तरीय प्राथमिकतामा रहेका योजना तथा कार्यक्रमहरु र नेपाल सरकार तथा प्रदेश सरकारको लगानी र सहयोगमा संचालन गरिने ठूला पूर्वाधार विकासका कार्यक्रमहरु तथा सार्वजनिक निजी साझेदारी अवधारणामा निजी क्षेत्रको लगानीमा संचालन गर्न पहल गर्ने शहरी सुविधा विस्तारका पूर्वाधारहरु र अन्य विकास साझेदार तथा बाह्य लगानीकर्ताहरुको लगानीलाई प्रोत्साहित गरी निर्माण, सञ्चालन र व्यवस्थापन गरिने ठूला पूर्वाधर विकासका कार्यक्रमहरुको वर्गीकरण गरी प्राथमिकता निर्धारण गरिने छ। साथै विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको कोभिड उत्तरदायी नीति तथा कार्यक्रमहरु र मार्ग निर्देशन संग तालमेल मिलाइनेछ । उक्त कार्यक्रमहरु गर्दा देशले नै अवलम्वन गरेको दीगो विकास लक्ष्य प्राप्ति गर्नका लागि समेत नीति, कार्यक्रम तथा बजेट सो प्रति निर्दिष्ट हुनेछन्। यस नगरपालिकाको समृद्धिकाका लागि निम्न कुरालाई प्रमुख आधारका रुपमा लिईनेछ।

- कोभिड-१९ को जोखिम तथा सो बाट सृजित स्वास्थ्य समस्या न्यूनीकरण
- कालिगण्डकी करिडोर
- वि.पी. अन्तर्राष्ट्रिय खेल ग्राम
- नारायणी नदी किनारबाट पर्या पर्यटन मार्ग
- गरीबी मुक्त गैंडाकोट अभियान ( विशेष रोजगारी तथा गरिवी निवारण कार्यक्रम )
- १ वडा १ विशिष्टिकरण उत्पादन/सेवा
- साहित्य, संस्कृति, कला र पर्यटनको विकास
- मनमोहन राष्ट्रिय रंगशाला
- शैक्षिक हब (शिक्षाको केन्द्र)का रुपमा विकास
- सामाजिक संघ संस्था एवं सहकारीहरुको विकास
- Connecting गैंडाकोट अभियान
- Smart – Gaindakot
- निजि क्षेत्रको लगानीमा मौलाकालिका केबुलकार निर्माण आदि।

**आगामि आर्थिक वर्ष २०७७/०७८ को बजेट, कार्यक्रम सम्बन्धी नीतिगत व्यवस्था**

देशले विगत दुई दशकमा गरिवी निवारण र मानव विकासमा महत्वपूर्ण उपलब्धि हासिल गरेको सन्दर्भमा दीगो विकास लक्ष्यका परिसूचकहरुलाई स्थानीय तहको योजना निर्माणमा समावेश गर्दा अझ सहज हुने निश्चित छ। राष्ट्रिय योजना आयोग, नेपाल सरकारको आधारशिला प्रतिवेदनको आधारमा दीगो विकास लक्ष्यको मार्गमा हामी गईसकेका छौं तर कोभिड-१९ को महामारीबाट मानव जातिले अपुरणीय क्षति व्यहोरिरहेको अवस्थामा यो महामारीको अन्त्य कहिले हुन्छ कसैले भन्न सक्ने अवस्था छैन । सरकारले लागु गरेको लकडाउनको कारण लामो समय सम्म सबै सरकारी सेवा प्रभावित भएका छन्। पर्यटन व्यवसाय यातायात सेवा, क्षैक्षिक संस्था अझै सम्म पूर्ण रुपमा बन्दनै छन्। उद्योग कलकारखाना, विकास र पूर्वाधार निर्माणका कार्य, कृषि क्षेत्र तथा बजार प्रभावित भएका छन्। रोजगारीका अवसरहरु खुम्चिदै गएका छन्। बैदेशिक रोजगारीमा रहेकाहरु एवं स्वदेशमा नै ज्याला मजदुरी गर्ने व्यक्तिहरु समस्यामा परेका छन्। सारा अर्थतन्त्र नै गम्भीर संकटमा परेको यस विषम परिस्थितिमा राहात उद्धार लगायत प्रकोप व्यवस्थापनका कार्यहरु गर्दै स्थानीय तहमा दीगो विकास लक्ष्यलाई आत्मसात गरी जनताको जीवनमा सुधार ल्याउनका लागि लक्ष्य निर्धारण, कार्यान्वयन र अनुगमन गरी समृद्धि हासिल हुनेछ भन्ने नीतिबाट गैंडाकोट नगरपालिका निर्दिष्ट हुनेछ। नगरको विकासका लागि नेपाल सरकार, राष्ट्रिय योजना आयोगले दीगो विकास लक्ष्य प्राप्तिका लागि व्यवस्था गरे अनुरुप यस नगरपालिकाबाट पनि बजेट विनियोजन गरिने छ। नगर विकासका नीतिगत व्यवस्थाहरु दीगो विकास लक्ष्य प्राप्तिका आयामहरु जनता, समृद्धी, शान्ति, प्राकृतिक सम्पदा र सहकार्य प्रति परिलक्षित हुनेछन्।

आदरणीय सभाका सदस्य मित्रहरु,

नगरपालिकावाट संचालन गरिने विकासका गतिविधीहरुलाई दिशा निर्देशन गर्न सिमित श्रोत साधनहरुले असिमित आवश्यक्तालाई संवोधन गरी वढी प्रतिफल दायक क्षेत्रमा लगानी गरी विकाशको अभियानलाई सार्थक वनाउन यसै वर्षको वजेट मार्फत नगर विकासको ५ वर्षे आवधिक योजना तर्जुमा गरी सोही वमोजिम कार्यक्रमहरु संचालन गरिने छ। अब म यसै वर्षको बजेट कार्यक्रम सम्बन्धी नीतिगत व्यवस्थाका बारेमा उल्लेख गर्न चाहान्छु।

**(क) पूर्वाधार तथा भौतिक विकास सम्वन्धी नीतिहरु**

- तरुंगे खोलाबाट गैंडाकोट नगर क्षेत्रभरि सफा र स्वच्छ खानेपानी वितरणको लागि विस्तृत खानेपानीको सर्वेक्षण ( DPR ) तयार गरि संघिय सरकार समक्ष निर्माणका लागि पहल गरिनेछ।
- नगरभीत्रका कच्ची सडकलाई स्तरउन्नती गरी वाह्रै महिना सडक सञ्चालन सहज वनाईनेछ।
- नगरभित्रका कालोपत्रे सडकहरुक मर्मत गरी खाल्डाखुल्डी मुक्त वनाईनेछ।
- संघ र प्रदेशसँगको समन्वय, सहकार्य र सह-लगानीमा दीर्घकालिन महत्वका पूर्वाधारको विकासमा विशेष जोड दिईनेछ।
- शहरि सौन्दर्यका लागि ***एकघर– एक विरुवा*** तथा **एक वडा एक हरियाली पार्क** कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।
- नगरभित्रका सामुदायिक वनको वर्तमान अवस्था अध्ययन गरी सोको संरक्षण, विकास र उपयुक्त व्यवस्थापन का लागि कार्य प्रारम्भ गरिने छ।
- सडकका किनारमा वृक्षारोपण कार्यक्रम सम्वन्धमा अध्ययन सहित ***हरियाली नगर कार्यक्रम*** संचालन गरिनेछ।
- वढ्दो शहरीकरण र यातायतका साधनको चापलाई मध्यनजर गर्दै निश्चित मापदण्ड माथि निर्माण हुने घरहरुमा पार्किङ स्थल अण्डर ग्राउण्ड पार्कीङलाई प्रोत्साहन गरिनेछ।
- नारायणी नदी किनारमा स्नान स्थल र शवदाह स्थलहरुलाई थप व्यवस्थित गर्दै लगिने छ साथै नारायणी तटीय क्षेत्र व्यवस्थापन प्रक्रियालाइ बैज्ञानिक रुपामा अगाडी बढाइनेछ।
- गैंडाकोट चक्रपथ निर्माणको लागी वडा नं. १०-१७ सहितका क्षेत्रहरु समेटी विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (DPR) लगाएतका अन्य शान्दर्भीक कार्यहरु अगाडी वढाईनेछ।

- संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी नगरक्षेत्र भित्र सवै स्थानमा यसै आर्थिक वर्षमा विद्युत विस्तारको कार्यलाई पूर्णता दिईनेछ ।
- विद्युतिय घरनक्सा पास प्रणाली (EBPS) लागू गरी नक्सापास प्रकृयालाई सरलीकृत गर्न उपयुक्त प्रयास गरिनेछ ।
- ***उज्यालो सडक कार्यक्रम*** अन्तरगत नगरलाई सधै उज्यालो वनाउन सडकवत्तीका लागि सरोकारवाला निकायहरुको समन्वयमा थप कार्यक्रम अगाडी वढाईनेछ ।
- नगरभित्रका सम्पूर्ण सरकारी, सार्वजनिक ऐलानी पर्ती जग्गाहरु पहिचान गरी रेखाकंन तथा लेखाकंन एवम् संरक्षण गर्ने तर्फ उपयुक्त कारवाही अगाडी वढाईनेछ ।
- अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै लगिनेछ ।
- पूर्वाधारको विकास गर्दा महिलामैत्री, वालमैत्री, अपांगमैत्री र वातावरणमैत्री हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने नीति लिईनेछ ।
- पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी वनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी वनाईने छ ।
- नगरको पहिचान दिने रोजगारी र स्वरोजगारीता सृजना गर्ने स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिवी न्यूनीकरण एवं समावेशी विकासवाट सामाजिक विभेद कम गर्दै जाने नीति लिईनेछ ।
- सडक बोर्ड नेपालसंगको सहकार्यमा आगामी वर्ष मुख्य सडकहरूलाई नियमित मर्मत सुधार तथा स्तरोन्नतीका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- विकासको दृष्टीले पछाडी परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरमा टुक्रे योजनाका कारणले अपेक्षित उपलब्धी हासिल गर्न कठिनाई भै रहेको सन्दर्भमा एकिकृत ढंगवाट कार्यक्रम संचालन गर्ने पूर्वाधार विकास र आयमूलक कार्यक्रमहरुमा लगानी केन्द्रित गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरस्तरीय गौरवका आयोजना छनौट गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- Smart नगर अवधारणा अन्तर्गत नगरप्रोफाईल तथा Address Mapping कार्यान्वयन गर्ने कार्य अगाडी बढाइने छ ।
- नारायणी तटीय हर्दि देखी त्रिवेणी सम्मको बैकल्पिक राजमार्ग निर्माणका लागि संघमा पहल गरिने छ ।
- बाँझो जग्गाको उपयोग गर्दै कृषि उत्पादन र उत्पादकत्व बढाउन भूमिगत सिंचाईलाई यस वर्ष पनि निरन्तरता दिईने छ ।
- शुद्ध खानेपानीको व्यवस्था र शौचालय नहुने घरधुरीको पहिचान गरी शौचालय प्रयोग र शुद्ध पानीको उपलब्धताको सुनिश्चित गरिनेछ ।
- नगर भित्रका सम्पूर्ण नगरवासिहरुलाई सफा तथा शुद्ध खानेपानीको सुनिश्चित गर्ने सन्दर्भमा गडाम्दी खानेपानी योजना यसै वर्षभित्र संचालन गरिनेछ ।
- **एक सामुदायिक वन एक जलाधार** निर्माण गर्न समिति र सामुदायिक वनसँग साझेदारी गरिनेछ ।
- भूकम्प प्रतिरोधात्मक पूर्वाधार निर्माणलाई अनिवार्य गरिनेछ ।
- नगर क्षेत्रभित्र औद्योगिक ग्रामको स्थापना गर्न थप औद्योगिक विकासका लागि पूर्वाधारको पहुँच विस्तार गरिनेछ ।
- दुग्ध उत्पादक सहकारीसँगको सहकार्यमा आधुनिक डेरी मार्फत दूध उत्पादन, प्रशोधन र वितरणको व्यवस्था मिलाईने छ ।
- राजमार्ग छेउमा राखिएका अवैध साइन बोर्ड हटाइने छ र असुरक्षित चोकहरुमा सडक ऐनाको व्यवस्था गरिनेछ ।
- नारायणी नदी, जयश्री खोला, बेल्डिहा खोला, घोक्रे खोला, ताउन खोला, ककरस्रोत खोला र झराही खोलामा कटान र बाढी नियन्त्रणका लागि प्राथमिकताका साथ काम गरिनेछ ।
- दैवि प्रकोपको समयमा सुरक्षित रहनका लागि हरेक टोलमा सुरक्षित स्थानहरु तोकिनेछ ।
- हरित क्षेत्र विकासका लागि संभावित क्षेत्रहरुको निर्धारण गरि विकास गरिने छ ।

- भौगोलिक रुपमा विकट रहेका वडा नं ३, १४ र १८ का क्षेत्रहरुमा पूर्वाधार विकास सेवा प्रवाह सहजिकरणका लागि प्राथमिकताका साथ कार्य अगाडी वढाइने छ।
- गैंडाकोट नगरपालिका क्षेत्रका प्रवेश नाकाहरु (गैंडाकोट र झराहीखोला) मा नगर सीमा प्रवेशको सूचना मुलक जानकारी र CCTV जडान गरिनेछ।
- आगलागीबाट जनधनमा पर्न सक्ने जोखिम न्यूनीकरण लागी अन्तर स्थानिय तहको साझेदारीमा दमकलको व्यवस्था गरिनेछ।
- खानेपानी तथा सरसफाई उपभोक्ता समिति सँग समन्वय गरि पानी वितरण भईरहेका पाईप लाईनमा आगलागी हुँदाका बखतमा पानी प्रयोग गर्न पाईप सकेटको व्यवस्था गरिनेछ।
- सांस्कृतिक, धार्मिक सम्पदाहरुलाई संरक्षण, प्रवर्धन र सम्बर्धन गर्ने नीति अबलम्बन गरिनेछ।
- नगर भीत्रका सवै वडाहरुमा वडा कार्यालय भवन निर्माण कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिईने छ।
- नगरपालिकाको ठूलो धनराशीको बजेट लक्षित समूहरुलाई साना साना टुक्रे योजनामा छरिएकोले अपेक्षित उपलब्धी हासिल हुन कठिनाई महसुस भइरहेको सन्दर्भमा लक्षित समूहको बजेटलाई निश्चित नीति मापदण्ड बनाई औचित्यका आधारमा एकिकृत ढंगबाट कार्यक्रम गर्ने, पूर्वाधार विकास, सीप, क्षमता विकास र आयमूलक कार्यक्रमहरुमा लगानी केन्द्रित गर्ने व्यवस्था मिलाईनेछ।
- द्रुत गतिमा इन्टरनेट सुविधा विस्तार गर्नका लागि नेपाल दुरसंचार संस्थानसंग समन्वय गरी फाइबर नेटवर्क विस्तार गर्ने कार्यलाई अगाडी बढाईनेछ।
- गण्डकी प्रदेश सरकार संगको सहकार्यमा सुबिधा सम्पन्न आधुनिक सभाहल निर्माण कार्य अगाडी बढाइनेछ।

**(ख) राजश्व तथा श्रोत परिचालन सम्वन्धी नीतिहरु**

- नगरपालिकाको आन्तरिक श्रोतको उच्चतम परिचालनका लागि आर्थिक ऐनले निर्देशित गरेका कर, दस्तुर, सेवा शुल्कका क्षेत्रहरुको दायरा फराकिलो गर्दै नगरको श्रोत परिचालनमा सबै क्षेत्र र वर्गका नगरबासीहरुले आफुले आफ्नो क्षमता अनुसार योगदान गरेको महसुस गर्ने अवस्थाको सिर्जना गरिनेछ।
- व्यवसायकरको दायरा वढाउने र वढी भन्दा वढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न नगरमा विभिन्न कार्यक्रम सहित प्रत्येक वर्ष कर सप्ताह वा कर जागरण कार्यक्रम सञ्चालन गर्ने तथा राजश्व संकलन कार्यलाई व्यवस्थीत गरी वडा कार्यालयहरुवाटै कर, शुल्क, दस्तुर असुल गर्ने कार्यलाई सहज र विस्तारित गरिनेछ।
- वार्षिक पेशा, व्यवसाय, कर र घर वहालकर असुली कार्यलाई थप प्रभावकारी वनाउन वडा समिति र टोल संस्थाहरुलाई परिचालन तथा जम्मेरवार वनाईने छ।
- नगरपालिकामा सेवाग्राहीहरुले सबै किसिमका राजश्व, कर दस्तुर र सेवा शुल्क बुझाए पछि सेवाग्राहीको मोबाइलमा SMS सेवाको माध्यमबाट कर तिरेको जानकारी सहित धन्यवाद ज्ञापन गर्न सफ्टवेयर पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- बजेटको दरवन्दीमा तोकिएको व्यवसायको प्रकार, प्रकृती र श्रेणी अनुसारको दररेटमा कर भुक्तानी गर्न नसक्ने अती न्यूनस्तरको कुना, काप्चा तथा अती कम चल्ती फिरतीको ठाउमा रहेको व्यवसायलाई सम्वन्धित वडाको सिफारिसमा श्रेणी विहिन मानी न्यूनतम रु. ५०० मा नघटाई वार्षिक व्यवसायकर लिई करको दायरालाई लचिलो र फराकिलो पारिनेछ।
- नगरभित्र चल्ने टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साहरु दर्ता गरी करको दायरामा ल्याईने छ।
- अपाङ्ग, असहाय, अशक्त, दैवीप्रकोप पिडित, द्वन्द पिडित, जेष्ठ नागरिक र एकल महिलाका सीफारिसहरु निशुल्क गरिनेछ। साथै विपन्नहरुको शैक्षिक सिफारिसलाई समेत निःशुल्क गरिने छ।
- गैंडाकोट नगरपालिकामा दर्ता नभएका तर आन्तरीक राजश्व, वाणिज्य, घरेलु तथा साना उद्योग जस्ता कार्यालयमा दर्ता भई गैंडाकोट नगरपालिका क्षेत्र भीत्र व्यवसाय गरी आएका व्यवसायीहरुलाई दर्ता प्रकृयामा आउने व्यवस्था मिलाइनेछ।

- आफु वा एकाघरका सदस्यले नगरलाई भुक्तान गर्नुपर्ने कर, शुल्क, दस्तुर समयमा भुक्तान नगरी वक्यौता राख्ने करदातालाई नगरपालिकावाट प्रदान गरिने कुनै पनी सीफारीस, सेवा सुविधामा रोक्का गरिनेछ । तर कुनै शुल्क, दस्तुर भुक्तान गर्ने समयावधि रहेको अवस्थालाई (चालु आ.व.)त्यस्तो वन्देज गरिने छैन् ।
- कुनैपनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधीकारीहरुले आफुले व्यक्तीगत रुपमा बुझाउनुपर्ने सम्पत्ती कर, व्यवसायकर र घरजग्गा वहालकर लगाएत निजको दायित्वमा रहेका कर, शुल्क, दस्तुर अदी चुक्ता गर्न अनिवार्य गरिनेछ । सो योजनावाट लाभान्वित उपभोक्तालाई त्यस्ता कर तिर्न प्रोत्साहीत गरिनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने वित्तिय श्रोतको कमिलाई पूर्ती गर्न नेपाल सरकार दातृ निकाय तथा सघ संस्था र नीजी श्रोत एंवम नागरिक समाज लगायत सवै सम्भाव्य आन्तरीक एवं वाह्यय क्षेत्रका निकायसंग समन्वय गरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।
- श्रोत व्यवस्थापनलाई यथार्थ परक र व्यवस्थित गर्न ICT को प्रयोगलाई वढ्वा दिईनेछ ।
- कावु वाहिरको कुनै विशेष परिस्थितीमा मात्र उल्लेखीत कर, शुल्क, दस्तुर आदिका दरवन्दीहरुमा कार्यान्वयनको समयमा समस्या पर्न आएमा आगामी नगरसभावाट अनुमोदन गराउने गरी नगरकार्यपालिकावाट कर, शुल्क, दस्तुर आदीका दरवन्दीहरुमा आवश्यक्ता वमोजिम हेरफेर गर्न सकिनेछ ।
- नगरपालिकाले प्राप्त गर्नुपर्ने कर, शुल्क, दस्तुर अदिको समुचित व्यवस्थापनका लागि उद्योग वाणिज्य संघ लगाएत सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ ।

**(ग) आर्थिक विकास सम्वन्धी नीतिहरु**

- स्थानीय श्रम, सीप र साधनको उपयोग गर्दै कृषिजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने योजनाहरु अगाडी वढाईने छ ।
- श्रममूलक प्रकृतिका उद्योगहरु संचालन तथा कृषिजन्य उत्पादनमा कृषि बिमा प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- कृषिलाई आधुनिकिकरण, यान्त्रिकरण, व्यवसायिकरण, विविधिकरण र वजारीकरण गरि रोजगारीका थप अवसरहरु सिर्जना गर्ने कार्य अगाडी वढाईने छ ।
- नगरपालिका क्षेत्रका सम्भावित कृषियोग्य व्यवसायहरुको पहिचान गरी एक वडा, एक कृषि नमुना व्यवसायीक खेतीका लागि आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराईने छ ।
- **"बाँझो जग्गा रहित नगर"** लाई प्रोत्साहन गर्दै, हरेक वडा भित्र रहेका उत्पादन बिहिन जग्गालाई उत्पादनमुखी कार्यान्वयनमा जोड दिई कृषि प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडी बढाइने छ ।
- कोभिड १९ को महामारीका कारण घरगाउँमा फर्किएका युवाहरुलाई कृषि क्षेत्रमा गाउँघरमै रोजगार दिइने व्यवस्थाका साथै परामर्शको व्यवस्था मिलाइने छ । उत्कृष्ट कृषकहरुलाई प्रोत्साहनका लागि व्यावसायीक कृषक परिचय पत्र वितरण र सम्मान गर्ने तर्फ पहल गरिनेछ ।
- "म तरकारी विना खान्न म तरकारी किन्न जान्न" भन्ने अभियानलाई निरन्तरता दिदै अर्गानिक तरकारी खेती/ गमला/कौशी/छतमा तरकारी खेती गर्ने कार्यलाई उचित प्रोत्साहनको व्यवस्था गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- नगरक्षेत्र भित्र विभिन्न खाद्यान्न वाली र नगदेवालीका लागी विशेष पकेट क्षेत्र तोकि ती क्षेत्रको प्रवर्द्धनका लागी आय आर्जन केन्द्रित, सीपमुलक, जनचेतना प्रवर्द्धनात्मक गतिविधी सञ्चालनमा ल्याईनेछ ।
- गैंडाकोट नगरक्षेत्रभित्र व्यवसायीक रुपमा कार्य गर्ने कृषकका लागि रोगहरुको निदान र पशुपालनमा संलग्न किसानहरुलाई निःशुल्क भेटनरी सेवा उपलब्ध गराउने ब्यवस्था लाई निरन्तरता दिइनेछ ।
- किसानहरुलाई उन्नत विउ, घाँस,प्रविधि प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि तथा पशु हाटवजारको समुचित तरिकाले व्यवस्थान गर्ने कार्य अगाडी वढाईनेछ ।
- गैंडाकोट नगरपालिकाको वडा नं. ३ १४ र १८ लाई वाख्रा पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- दुधजन्य उत्पादनमा लागेका कृषकहरुलाई प्रोत्साहन गरी दुधजन्य उत्पादनको उद्योग स्थापनाका लागि पहल गरिने छ ।
- भूमीको उत्पादन उत्पादक्त्व वृद्धि गर्दै व्यवसिक उपयोग गर्न सतह र भूमिगत सिंचाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- माटोको गुणस्तर कायम गर्न मोटो परीक्षण प्रयोगशालाको सुविधा विस्तार गर्ने विशेष पहल गरिनेछ ।

- दुग्ध व्यवसायलाई प्रोत्साहन गर्न पिपिपि अवधाराणा अनुसार डेरी उद्योग स्थापना र संञ्चालन गर्ने नीति लिईनेछ।
- निजी क्षेत्र संगको सहकार्यमा पशु वधशाला संचालन व्यवस्थापन गरिनेछ। साथै मासु पसलको नियमित अनुगमन र नियमनलाई प्रभावकारी वनाईनेछ।
- नगरपालिका भित्रका सम्पूर्ण व्यवसायलाई नगरपालिकामा दर्ता गर्नै पर्ने अभियान संचालन गरिनेछ। व्यवसायमा अनिवार्य मूल्य सूची राख्ने व्यवस्था कडाईका साथ लागू गरिनेछ।
- उद्योगी र श्रमीक वीचको सम्वन्धलाई सुमधुर वनाई सहज औद्योगीक वातावरण कायम गर्न नगरपालिकाका तर्फवाट उपयुक्त पहल गरिने छ।
- उत्पादन मूलक र स्थानीय श्रोत साधनको प्रयोग हुने तथा रोजगारी सृजना गर्ने प्रकृतिका उद्योगहरुको स्थापना र विकासका लागि प्रोत्साहन गरिनेछ।
- नगर क्षेत्रभित्रै रोजगारी सृजना गर्ने उद्येश्यका साथ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- नगरभित्रका सवै सहकारी संस्थाहरुलाई सहकारीका आधारभूत सिद्धान्तका वारेमा जानकारी गराउदै ***कोपोमिक्स सफ्टवयेर*** उपयोग गर्न प्रोत्साहन गरिनेछ। साथै एक सहकारी एक उद्यम अनिवार्य गराईने छ।
- स्थानीय उत्पादनको प्रवर्द्धन र रोजगारी वढाउन गण्डकी प्रदेश सरकार समेतको समन्वयमा नगरभित्रका हर्दि, वडानं. ३ ढोडेनी, वडा नं. १२ र १८ नं. वडाहरुमा होमस्टे संञ्चाल गर्ने कार्यलाई प्रोत्साहन गर्दै अगाडी वढाईनेछ।
- फलफूल खेती तर्फ आकर्षण गर्न एवोकाडा, जैतुन, आँप, लिची, भुईकटहर र केरा खेती क्षेत्रमा लगानी गर्न प्रोत्साहीत गरिनेछ। यसका लागि क्रियाशील उपभोक्ता कृषकहरुलाई निःशुल्क विरुवा उपलब्ध गराईने छ।
- विदेशमा रहेका नेपाली नागरिकहरुलेहरुले घरेलु तथा साना उद्योग सञ्चालन गरी १० जना भन्दा वढी स्थानीय नागरिकहरुलाई रोजगारी दिएमा २ वर्षसम्मको व्यवसाय करमा ५० प्रतिशत कर छुट दिइनेछ।
- हस्तकला, सृजनात्मक तथा परम्परागत रुपमा गरी आएका व्यवसायहरुको प्रबर्द्धन र संरक्षणको नीति लिइनेछ।
- नगर क्षेत्रभित्रका विभिन्न उद्योग, प्रतिष्ठान लगायतमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरहरुको मापन गरी नगरपालिका अन्तर्गतको रोजगार इकाई मार्फत मानवीय स्रोत आपूर्तिको व्यवस्था गरिनेछ।
- बालश्रम प्रयोगलाई पूर्ण रुपमा प्रतिबन्ध लगाइनेछ।
- स्थानीय उत्पादन मकै तरकारी लगायतका वस्तुका वजारिकरणका लागि स्थानीय स्तरमै व्यवस्थित हाटवजारको व्यवस्था गरिनेछ।
- कृषिमा व्यवसायीकरण गर्ने सन्दर्भमा किसानहरुलाई विशेष सहुलियतका साथ कृषि यन्त्र उपकरण उपलब्ध गराईनेछ।
- **गैंडाकोटको पहिचान – स्वादिलो मकै** कार्यक्रमलाई व्यापकता प्रदान गर्दै मकै उत्पादन र बजारीकरण लाइ थप व्यवस्थित गरिनेछ।
- वालि तथा पशु विमाका लागि कृषकहरुलाई प्रोत्साहन गरिने छ।
- संघ र प्रदेशको समन्वयमा नगरक्षेत्र भित्र विउ प्रशोधन केन्द्र, विउ भण्डारण केन्द्र स्थापना कार्य अगाडी वढाईने छ।

***(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी नीतिहरुः-***

- सामुदायिक वन उपभोक्ता समितिहरु संग सहकार्य गरी सामुदायिक वन मार्फत आयआर्जन वढाउन वन तथा वन पैदावरमा आधारित उद्यशिलता विकास तथा उद्योग व्यवसाय संचालन, जडीवुटी एंव फलफुल खेती र प्रशोधन कार्यलाई प्रोत्साहित गरिनेछ।
- वन क्षेत्रलाई अनियन्त्रित डढेलो, चरीचरन, अतिक्रमण र चोरी निकासीवाट प्रभावकारी ढंङ्गले संरक्षण गर्न उपभोक्ताहरुलाई परिचालन गरिनेछ।
- नगर क्षेत्रभित्र रहेका सामुदायिक वन, धार्मिक वन, कवुलियती वन, निजी वन सवैलाई संरक्षण र प्रवर्द्धनका लागि उपयुक्त कार्य गरिनेछ ।
- भू-उपयोग योजना वनाई कार्यान्वयनमा जोड दिईनेछ, साथै खेतियोग्य जमिनलाई प्लटिङ्ग गर्न पूर्ण रुपमा निरुत्साहीत गरिनेछ।

- जलाधार क्षेत्रको संरक्षणका लागि वृक्षा रोपन पोखरी निर्माण, मुहान संरक्षण लगायतका कार्यहरु गरिनेछ ।
- ***Clean Gaindakot Green Gaindakot*** कार्यक्रमलाई अभियानकै रुपमा अगाडी वढाईनेछ ।
- नगर क्षेत्रका टोल विकास संस्था मार्फत वातावरणीय जनचेतना अभिवृद्धि गर्न कार्यक्रम संञ्चानमा ल्याईनेछ ।
- वातावरण संरक्षणका लागी सांस्कृतिक महत्वका वर, पिपल रोपण कार्य अगाडी वढाईने छ ।
- नगरमा निर्माण भएका र गरिने सडक कार्यक्रम संग Road Side Plantation र Bio Engineering पद्धतीलाई समन्वायात्मक ढंगले अगाडी वढाईनेछ ।
- वाढी पहिरो, भू:क्षय नियन्त्रण र जलाधार संरक्षण गर्न प्रवन्ध मिलाईनेछ ।
- सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कारवाही गरिनेछ र सो को प्रभावकारी अनुगमनको व्यवस्था मिलाईने छ ।
- भुकम्प जन्य प्रकोप साथै विविध प्रयोजनाको लागि खुल्ला क्षेत्रको पहिचान गरी संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- गैंडाकोट नगरलाई पूर्ण सरसफाईको अवस्थामा पुऱ्याउन सवै वडाहरुमा पूर्ण सरसफाई उन्मुख कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिकालाई वालमैत्री नगर वनाउनका लागि यस वर्ष विभिन्न कार्यक्रमहरु मार्फत निरन्तरता दिईने छ ।
- स्थानीय विपद व्यवस्थापन समिति मार्फत विपद् जोखिम न्यूनिकरण तयारीको कार्य गरिनेछ ।
- नगरपालिकामा रहेको विपद व्यवस्थापन आकस्मिक कोष बृद्धि गर्दै लैजाने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकावाट निजी क्षेत्रको साझेदारीमा शुल्कमा आधारित फोहर संकलन प्रशोधन र व्यवस्थापन सेवाको सुरूवात गरिनेछ ।
- पूर्वाधारहरु निर्माण गर्दा वातावरण मैत्री बनाइने निती लिइने छ ।
- प्रकृति संरक्षण तथा व्यवस्थापन मार्फत जलवायु परिवर्तनमा सकारात्मक प्रभाव पर्ने जनस्तरका सृजनात्मक र लोकप्रिय योजना तथा कृयाकलापहरु नियमित सञ्चालन गरिनेछ ।
- पानी र यसको स्रोतको संरक्षण एवं दीगो उपयोग कायम गर्न आवश्यक कार्य गरिनेछ ।
- पशु छाडा नछोड्नका लागि सचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- नीजि क्षेत्रको सहकार्यमा औद्योगिक र घरायसी ठोस फोहोर उत्पादनकर्ताको पहिचान गरी फोहरको मात्रा घटाउने, पुनर्प्रयोग र उपयोग (3R) को नीतिलाई लागू गरिनेछ ।
- "**मेरो फोहर मेरै व्यवस्थापन**" लाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- ठोस फोहर मैलामा 3R–Reduce (प्रयोगमा घटाउनु), Reuse (पुनः प्रयोग) र Recycling (प्रशोधन) गर्न प्रोत्साहित गरिनेछ ।
- संघ र प्रदेशसँगको समन्वयमा वन्यजन्तु र मानव वीचको सम्वन्ध सुमधुर वनाउदै वन्यजन्तुको अतिक्रमणवाट वालिनाली र मानवीय क्षती जोगाउन नारायणी नदी किनारक्षेत्रमा सुरक्षाको उपयुक्त प्रवन्ध मिलाउन कार्य प्रारम्भ गरिने छ ।

***(ङ) शासकिय व्यवस्था एवं सुशासन सम्वन्धी नीतिहरुः-***

- नेपालको संविधान र स्थानिय सरकार संञ्चालन ऐन अनुसार स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वियन गर्न आवश्यक ऐन कानुनहरु निर्माण गरि क्रमश कार्यान्वयन गर्दै अगाडी वढाईनेछ ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, प्रविधीमैत्री, पारदर्शी र गुणस्तरीयता कायम गर्दै भ्रष्टचार विरुद्धको शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ ।
- नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई वढी प्रतिफल प्राप्त हुने गरी र कर्मचारी वर्गको अधिकतम हित प्रवर्द्धन हुने गरी परिचालन गरिनेछ । साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालि लागू गरिनेछ ।
- सेवाग्राही हरुको सुविधालाई मध्यनजर गर्दै डिजिटल नागरिक वडापत्र, हेल्प डेस्क आदिको व्यवस्था गर्दै सेवा लिन आवश्यक पर्ने आवेदन फारमहरु नगरपालिकाको वेवसाईड वाट प्राप्त गर्ने सक्ने व्यवस्था मिलाईनेछ ।

- ***जनताको घरदैलोमा मेयर कार्यक्रम*** सञ्चालन गर्दै नगरवासीसंग सम्वाद र गुनासो सुन्ने पद्धतीको विकास गरिनेछ।
- नगरपालिकाका सवै वडा कार्यालयवाट संकलन हुने राजश्वलाई Intranet Computer System मार्फत केन्द्रिकृत प्रणालीमा आवद्ध गराउने कार्यलाई थप व्यवस्थित वनाईनेछ।
- नगरपालिकावाट कार्यान्वयन हुने योजना, कार्यक्रमहमा वित्तिय जोखिम न्यूनिकरणका लागि निर्माण र खरिद प्रकृयालाई वढी पारदर्शी र प्रतिस्पर्धात्मक वनाउन E-Bidding लाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- सुशासन, पारदर्शिता र जवाफदेहिता वढाउन नगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गरी सामाजिक परिक्षणको साथसाथै आयोजना कार्यक्रमहरुमा सार्वजिक परिक्षण र वडास्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।
- कार्यालयका सवारी साधन र अफिस उपकरणहरुको मितव्ययी ढंगवाट परिचालन गरिनेछ।
- कोभिड-१९ को सम्बेदनसिलता लाई मध्यनजर गर्दै नगरपालिकाका जनप्रतिनिधीहरु र कर्मचारीहरुलाई सूचना प्रविधीको प्रयोगमा उच्च सहभागिताका लागि अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ।
- जनप्रतिनिधी/ कर्मचारीको क्षमता अभिवृद्धि गर्न ***Capacity Development Plan*** वनाई लागू गरिनेछ।
- परिवर्तित सन्दर्भमा संविधान र कानुनद्धारा प्राप्त अधिकारको प्रयोग र कर्तव्य पालनाका लागी आवश्यक मानव श्रोतको बैज्ञानिक र तथ्यपरक विश्लेषण गरी संगठन अध्ययन गरी संगठन संरचना र जनशक्ती व्यवस्थापन गर्ने नीति लिईनेछ।
- नगर प्रहरी सेवा गठन गर्ने प्रकृया अगाडि वढाईनेछ।
- विभिन्न राष्ट्रहरुसंग कुटनैतिक पहल गरी समकक्षीमा रहेका शहरहरुसँग भगिनी सम्वन्ध कायम गर्न पहल गरिनेछ।
- सेवाग्राहीहरुको सन्तुष्टि मापन गर्ने संयन्त्रको स्थापना गरिनेछ।
- नगरपालिकामा कार्यरत कर्मचारीहलाई सेवाग्राही प्रति अझ बढी उत्तरदायी एवम् जवाफदेही बनाउन दक्षता अभिबृद्धि गर्ने किसिमका कार्यक्रमहरु संचालन गर्ने र सेवाग्राहीहरुलाई सहज र छिटो छरितो रुपमा सेवा प्रवाह गर्ने वातावरणको सिर्जना गरिनेछ।
- नगरमा महिला परामर्श केन्द्र संचालनका लागि आवश्यक प्रकृया अगाडि वढाईनेछ।
- गैंडाकोट नगरपालिकामा हुने दैनिक एवं दीर्घकालिन काम कारवाहीको जवाफदेहिता र पारदर्शिताको मापन गरिनेछ।
- विकासमा सबै सामाजिक संघ संस्थाहरुको सुसुचित सक्रिय र सार्थक सहभागिता निश्चित गरिनेछ।
- विकेन्द्रिकरणलाई संस्थागत गर्न वडा/वस्ती तहमा निर्णय प्रकृयामा जनसहभागितालाई अझ प्रभावकारी बनाइने छ।
- जन गुनासोको सम्बोधन प्रणालीलाई व्यवस्थित गरिदै लगिनेछ ।
- लक्षित वर्गको ज्ञान शिप र क्षमता वढाउन उनीहरुले ग्रहण गर्न सक्ने सन्दर्भ सामाग्रीहरुको निर्माण गरिनेछ।
- नगरपालिकाको विकासका लागि निजी क्षेत्र, नागरिक संस्थाहरु, बुद्धिजीवीहरु, विश्व विद्यालय एवं तिनका नवसिर्जनामा संलग्नता र साझेदारी गरिनेछ।
- सुशासन र विकास व्यवस्थापनसँग सम्बन्धित पारदर्शिता र जवाफदेहिताको औजार र संयन्त्रको विकास र प्रयोग गरिनेछ।
- देश बाहिर रहेका गैंडाकोट बासीहरुसँग नगरको समृद्धिमा साझेदारी गर्ने नीति लिइनेछ।
- दीगो व्यवस्थापनका लागि सूचना आदानप्रदान, अनुभव आदानप्रदान जस्तैः नीति, कार्य सम्पादन, अनुगमन र सेवा प्रवाह ढाँचा प्रबद्र्धन गरिनेछ।
- सार्वजनिक खर्च र अनुगमनमा दक्षता अभिवृद्धि गरिनेछ। खर्च व्यवस्थापन अन्तर्गत लक्ष्य अनुरुप खर्च भएको नभएको निगरानी संयन्त्रको विकास गरिनेछ।
- विज्ञान, प्रविधि र नवसिर्जनाको पहुँचका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सहयोग आदानप्रदानमा उपयुक्त पहल गरिनेछ।
- सरोकारवालाहरु सँगको समन्वय सहकार्य र साझेदारीको लागि सूचना र सञ्चार प्रविधिको व्यापक प्रयोग गरिनेछ।

- गैंडाकोट नगरक्षेत्र भित्रका राष्ट्रिय अन्तराष्ट्रिय रुपमा ख्यातिप्राप्त व्यक्तिहरुलाई गैंडाकोट सद्भावना दूतका रुपमा सम्मान गरिनेछ।
- मेलमिलापकर्ता हरुका लागि सचेतना मुलक कार्यक्रम संचालन गरी **विवादमुक्त गैंडाकोट** निर्माण अभियान अगाडी वढाईने छ।
- **सुसासनका लागि समता र न्यायमा आाधारित गैंडाकोट** अभियानलाई आत्मसात गरिने छ।
- चालु आर्थिक वर्ष २०६७/०७७ का लागि स्वीकृत भई सम्पन्न हुन  नसकेका अधुरा विकास निर्माण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

**(च) सामाजिक विकास सम्वन्धी नीतिहरुः-**

- विश्व जगतको नै चुनौतिको रुपमा रहेको कोरोना भाईरसको कारणले गर्दा दैनिक ज्यालादारी मजदुर, पर्यटन क्षेत्रका मजदुर, यातायात मजदुर लगायत स्वदेश तथा  बिदेशमा कार्यरत मजदुरहरुको रोजगारी गुमेको कारणले गर्दा दैनिक जीवनयापनमा परेको कठिनाइलाई मध्यनजर गर्दै श्रममूलक विकाशका कार्यक्रमहरु संचालन गरिनेछ।
- विदेशमा रोजगार गुमी नेपाल फर्की स्थानीय स्तरमानै कुनै व्यवसाय संचालन गर्न इच्छुक नगरवासीलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा अनुदान सहयोग दिइनेछ।
- कोभिड १९ को विश्वव्यापि महासंकट अहिले पनि विद्यामान छ। यतिबेला जीवन रहे भविष्यमा विकास र समृद्धि देख्न पाइन्छ भन्ने अवधारणाका साथ तिनै तहका सरकारको ध्यान जनताको जीवन रक्षामा नै केन्द्रित रहेकाले स्वास्थ्य क्षेत्र सुदृढिकरण यस आर्थिक वर्षको सबैभन्दा महत्वपूर्ण कार्यक्रमका रुपमा रहेने  छ।
- कोभिड—१९ लगायतका महामारी तथा अन्य संक्रामक रोग न्यूनीकरण कार्यक्रमलाई उच्च प्राथमिकता दिई यसको रोकथाम, नियन्त्रण, पूर्व तयारी र  प्रतिकार्यको  व्यवस्था गर्दै पालिकाभित्र जीवन वचाउने औषधी, औषधिजन्य सामग्री तथा सुरक्षा सामग्रीको  सहज आपूर्ति वा भण्डारणको व्यवस्था गरी जनतालाई सुरक्षित राखिनेछ।
- प्रस्तावित नगर आस्पताल लाई पूर्ण क्षमतामा संचालन गर्न उपयुक्त कार्य गरिने।
- मानव जिवनका तिन अवस्था स्थानिय सकारको कार्यक्रमको व्यवस्था अन्तर्गत गैंडाकोट नगरपालिकाले
  क. वालवालिकालाई शिक्षा, स्वास्थ्य र पोषण
  ख. युवालाई सीप, उद्यमशिलता, रोजगारी र
  ग. जेष्ठ नागरिकलाई सम्मान, संरक्षण र सुरक्षा को प्रत्याभुती हुनेगरी कार्यक्रम अगाडी वढाईनेछ।
- सामाजिक कुरीतिको रुपमा रहेको वालविवाह, वहुविवाह, रुढीवादी, अन्धविश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतना फैलाउने कार्य गरिनेछ।
- समाजमा विद्यमान भेदभावहरुको अन्त्य गर्दै समतामूलक नगरको निर्माण गर्न कार्ययोजना बनाई अगाडी वढाईनेछ।
- आर्थिक विपन्नता भएका महिला, किशोरी र वालवालिकाहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै कुपोषण अवस्थामा सुधार ल्याउने उद्देश्यले बहुक्षेत्रीय पोषण कार्यक्रमका अतिरिक्त ***सुत्केरी आमा पोषिलो खाना*** जस्ता कार्यक्रमलाई प्राथमिकतका साथ कार्यान्वयन गरिनेछ। विशेष गरि सुनौलो हजार दिनका महिला,बालबालिका तथा किशोरीहरुमा कोभिड -१९ को महामारीबाट पर्न गएको असहज परिस्थितिलाई न्यूनीकरण गर्नका लागि आवश्यक कदम चालिने छ  ।
- ***स्वास्थ्य र अनुसाशित युवा विकासमा टेवा*** भन्ने नाराका साथ गैंडाकोट नगर खेलकुद विकास समित गठन गरी सरोकारवालाहरुको समन्वयमा विभिन्न खेलकुद कार्यक्रमहरु संञ्चालन गरिनेछ।
- वडा नं. ६ र ७ को नारायणी नदी नजिकको सार्वजनिक खुला चौरमा वि.पी. अन्तराष्ट्यि खेलग्राम निर्माणका लागि थप पहल गरिनेछ। यसैगरी वडा नं. १३ सुनवर्षा मैदान र वडा नं. १० स्थित संयुक्तचोक मैदानलाई मनमोहन राष्ट्रिय रंगशालाको रुपमा विकास गर्न थप कार्य अगाडी बढाइनेछ।
- गैँडाकोट वडा नं. ३, ४ र ८ को भेलरघारीमा निर्माणाधिन गैंडाकोट क्षेत्रिय रंगशाला  स्तरोन्नतीका थप पूर्वाधारहरुको विकाश गर्दै लगिनेछ।
- नगर स्तरीय मेयर कप फुटबल प्रतियोगिता संञ्चालन गरिने छ।

- अन्तर मा.वि स्तरीय उपप्रमुख कप महिला फूटवल प्रतियोगिता लाई निरन्तरता दिईने छ।
- नगरपालिकावाट प्रदान गरिने सेवाहरुमा अपांगता भएका जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार प्रदान गरिनेछ।
- गरिवि न्यूनिकरणका लागी विभिन्न खालका आयआर्जनमा सहयोग पुग्ने सीपमुलक तालिम संचालन गरिनेछ। स्वरोजगार महिला उद्यमीलाई विशेष प्रोत्साहन तथा सहयोग गरिनेछ।
- विकास निर्माण एवं सामाजिक क्षेत्रमा कार्यरत मजदुर हरुको हित र सुरक्षालाई प्रवर्द्धन गर्न उययुक्त कार्य गरिने छ।
- औद्योगीक आर्थिक, सामाजिक विकासका लागि दक्ष जनशक्ती तयार गर्न विभिन्न सीपमूलक तालिम सञ्चालनमा व्यवसायिक तालिम केन्द्रसंगको सहकार्यलाई प्राथमिकता दिईनेछ।
- सामाजिक परिचालन, समावेशिकरण र मूल प्रवाहीकरणमा जोड दिईनेछ। विकास आयोजनाको संञ्चालमा महिलालाई अनिवार्य सहभागी गराउने नितीको व्यवहारिक कार्यान्वयन गरिनेछ।
- परम्परागत पेशा, सीपमा आधारित व्यवसायलाई प्रविवधीमैत्री वनाउदै आधुनिकिकरण गर्न प्रोत्साहन गरिनेछ।
- ***समृद्ध गैंडाकोट महाअभियान वर्ष*** विगत देखी प्रारम्भ गरिएकोमा यसलाई निरन्तरता दिईएको छ।
- राष्ट्रिय स्तरवाट नै अवलम्वन गरिएको दिगो विकासका लक्ष्यहरु हासिल गर्न संघ र प्रदेश सरकार समेतको समन्वयमा कार्यक्रमहरु अगाडी वढाईनेछ।
- जेष्ठ नागरिकलाई सम्मान कार्यक्रमलाई अगाडी वढाउदै उनीहरुको ज्ञान, सीप, क्षमतालाई नगरको वृहत्तर हितमा उपयोग गर्ने नीति लिईनेछ।
- **महिलासँग उपमेयर कार्यक्रम** अन्तर्गत महिलाहरुको रोजगारी, वित्तीय पहुँच र सम्पत्ति माथिको नियन्त्रण र स्वामित्वमा सहजिकरण गरिनेछ। यसका लागि महिला लक्षित कार्यक्रम तर्जुमा गरिएको छ।
- गरीब, सुकुम्बासी, असहाय र अन्य दैवी प्रकोप संवेदनशिल व्यक्ति, समूहहरुको पहिचान गरि राहात र उद्धारका कार्यहरु गरिनेछ ।
- आर्थिक क्रियाकलाप अभिवृद्धिका लागि सुहाउँदो नयाँ प्रविधि पहिचान गरी त्यसलाई प्रबद्र्धन गरिनेछ।
- गरीबी मैत्री योजना निर्माण गरी **गरिबी मुक्त गैंडाकोट** लाई अभियानको रुपमा लगिनेछ।
- असहाय, संवेदनशिल समूहको हेरचाह र संरक्षणका लागि कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।
- आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क गर्न तर्फ विशेष पहल गरिनेछ।
- आधारभूत तह( कक्षा १ देखि ५ ) सम्मका विद्यालयका विद्यार्थीहरुलाई टिकाई राख्न पोषण युक्त दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउनका लागि कार्यक्रम अगाढी बढाइनेछ।
- विद्यालयहरुको नियमित तथा प्रभावकारी अनुगमन र व्यवस्थापनको सुनिस्चितता गर्दै गुणस्तरीय शिक्षा लाइ प्रवर्धन गरिनेछ।
- वजारमा खाद्यवस्तुको गुणस्तर कायम गर्न मूल्य सूची लगायतका सूचकहरुको नियमनका लागी स्थानीय प्रसाशन, उद्योग वाणिज्य संघ लगायत सरोकारवालाहरुको सहभागितामा नियमित वजार अनुगमन गरिनेछ।
- विकास निर्माणका माध्यमवाट वेरोजगार यूवाहरुलाई प्रयाप्त लाभ पाउने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ।
- जेष्ठ नागरिकहरुले आर्जन गरेको ज्ञान, सीपको उपयोग गर्दै उनीहरुलाई सम्मान जनक जीवन यापनका लागि ध्यान, योग, व्यायाम, वाचनालय लगाएतका सुविधाहरुका अतिरिक्त दिवा सेवा केन्द्र जस्ता कार्यक्रम समेत संचालन गरिने छ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण शिविर र सहायता सामाग्री वितरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- नेपाल सरकार, गण्डकी प्रदेश सरकार, बुद्धिजीवी, सनाजसेवी, दाता लगायतको सहयोग र समन्वयमा गैंडाकोट नगरपालिकालाई विद्यालय शहरका रुपमा विकास गर्न उपयुक्त कार्य गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका सम्पूर्ण निजी तथा सरकारी विद्यालयहरुको पहिचानका लागि विद्यालय भवनको अगाडी एउटै रंग तथा विद्यालयमा अध्ययन गर्ने **छात्र छात्राहरुको पोषाक एउटै वनाउनुका** साथै सबै छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- भृकुटी कागज कारखाना वन्द भए पश्चात मजदुरहरुलाई पर्न गएको मर्काको संबोधन गर्दै उक्त उद्योगलाई नेपाल सरकार मातहत ल्याउन आवश्यक पहन गरिने छ ।
- भोकमरी अन्त्य, खाद्य सुरक्षा हासिल तथा पोषणमा सुआहारा र दीगो कृषिको प्रवद्र्धनमा सहभागिहरुको सुचिकृत गरिनेछ । साथै **कृषिमा सहकारीको लगानी : नगरपालिकाको साझेदारी** को नीति अवलम्बन गरिनेछ ।
- नगरस्तरमा ६ वर्ष मुनिका बालबालिकाको वृद्धि सुनिश्चितता अनुगमन गरिनेछ ।
- पोषण शिक्षाका लागि सूचना, शिक्षा र सञ्चार संयन्त्र निर्माण गरिनेछ ।
- कृषि तथा पशुपालन, **उत्पादन र उत्पादकत्व वृद्धिः कृषिबाट हाम्रो समृद्धि** नीति अनुरुप काम गरिनेछ ।
- खाद्य उत्पादन एवं पशुपालनका दृष्टिले आकर्षित वडाहरुलाई **१ वडा १ विशिष्ट उत्पादन** कार्यक्रम संचालन गरिनेछ ।
- **स्वस्थ समाज हाम्रो अभियान** लाई सार्थक बनाउन स्वास्थ्य, पोषण र रोग व्यवस्थापनमा कुनै सम्झौता गरिने छैन । साथै विद्यालयमा योग कक्षा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्थानीय स्तरमा काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सक्रिय रुपमा परिचलन गर्न उचित सेवा सुविधाको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका सबै वडाहरुमा **बाल उद्यान र बाल मैत्री खेलकुद मैदान** वनाउने प्रकृया अगाडी वढाईने छ ।
- विद्यालयको १०० मिटर वरिपरिको क्षेत्रमा मदिरा र सूर्तिजन्य वस्तु बेचबिखनमा पूर्ण रुपमा प्रतिबन्ध लगाइनेछ ।
- वडा नं. ३, १४ र १८ मा मोवाइल (घुम्ती) स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- विपन्न परिवारका बालबालिकाहरुका लागि सुरक्षा, भरपर्दो छात्रवृत्ति, पोशाक, किताब तथा दिवा खाजाको पहुँच सुनिश्चित गरिनेछ । यसका लागि नीजि र सरकारी विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय स्तरमा स्थापित बालविकास केन्द्रहरुलाई गुणस्तरीय रुपमा सञ्चालन गर्न सरोकारवालासँगको सहकार्यमा आवश्यक नीति अवलम्बन गरिनेछ ।
- **"शिक्षित छोरि सक्षम घर"** अभियानलाई अगाडी बढाउदै शिक्षामा लैंगिक असमानताको उन्मुलनको लागि उपयुक्त पहल गरिनेछ ।
- व्यवसायिक तालिम तथा शिक्षालाई सिप विकासमा लगाई रोजगारसँग जोड्ने नीति लिइनेछ ।
- **गैंडाकोटको शान: ज्ञान, विज्ञान, प्रविधि र अनुसन्धान** को दिशामा अगाडि वढ्न उपयुक्त कार्य गरिने छ ।
- गैंडाकोटलाई **शैक्षिक केन्द्र (Education Hub)** को रुपमा विकास गरिनेछ ।
- नगरभीत्रका नमूना विद्यालयहरुमा प्राविधिक शिक्षा संचालन गर्न अभिप्रेरित गरिनेछ ।
- लैंगिक योजना र बजेट विनियोजन पद्धतीको अबलम्बन गरिनेछ ।
- उमेर पुगेका महिलाहरुको जिविकोपार्जन तथा सिप विकास कार्यक्रमहरुमा सक्रिय समावेशिता एवं सहभागिता सुनिश्चित गरिनेछ ।
- सार्वजनिक स्थलहरुमा महिलाहरुका लागि छुट्टै शौचालयको व्यवस्थालाई अनिवार्य गरिनेछ ।

- संवेदनशिल समूहहरु जस्तैः महिला, अपांगता भएका व्यक्ति, विकलांग, अल्पसंख्यक माथि भइरहेको भेदभावको अन्त्य गर्दै समान कामका लागि समान ज्यालाको व्यवस्था लागू गरिनेछ ।
- नगरका युवावर्गलाई सीपमूलक तालिम दिई स्वरोजगारिताको सृजना गर्न उपयुक्त कार्य गरिनेछ र प्राविधिक सिपमूलक तालिम प्रदान गरिने छ ।
- महिला, वालवालिका, दलित, जनजाती, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत स्थानीय जनप्रतिनिधि मार्फत ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लक्षितवर्गका कार्यक्रमलाई वढि प्रभावकारी बनाउन सामाजिक सशक्तिकरण संग संगै आर्थिक रुपमा आत्मनिर्भर बनाउन आय आर्जनका कार्यक्रमलाई जोड दिई कार्यक्रम संचालन गर्न समन्वयात्मक प्रयास अघि बढाइनेछ ।
- निःशुल्क आधारभुत स्वास्थ्य सेवा सवै नागरिकको पहुचमा पुर्याईनेछ ।
- गर्वावती महिला, सुत्केरी महिला तथा विभिन्न रोग बारेमा कन्ट्रयाक्ट ट्रेसिंग कार्यका लागि महिला स्वास्थ्य सेविका लाई प्रोत्साहन गरिनेछ ।
- रोग निदान कार्यमा खटिने ल्याबमा कार्यरत कर्मचारीलाई प्रोत्साहन खर्चको व्यवस्था गरिनेछ ।
- महामारी रोग नियन्त्रण सम्बन्धि औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुलाई स्रोत साधन सम्पन्न वनाउदै सेवा विस्तार गर्दै लगिनेछ ।
- वाल एवम् मातृ मृत्युदर घटाँउने, वालवालिका महिला एवम् जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- पूर्ण खोप कार्यक्रमलाई प्रभावकारी रुपमा संञ्चालन गरिनेछ । आवश्यक अनुसार खोप केन्द्रको विस्तार गरिनेछ ।
- निजी स्वास्थ्य संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । अवैध रुपमा संञ्चालित स्वास्थ्य संस्था र क्लिनीकहरु वन्द गराईनेछ ।
- आम उपभोक्ताको हितलाई ध्यान दिदै खाद्य सुरक्षा र उपभोक्ता सचेतीकरण अभियान सञ्चालन गरिनेछ ।
- पोषण शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी वढाईनेछ ।
- सूर्तीजन्य, मदिराजन्य, लागू औषधीको प्रयोगलाई निरुत्साहीत गर्न स्थानीय संघ संस्था प्रहरी प्रशासनसँग समन्वय सहकार्य गरी कर्यक्रम अगाडी वढाईनेछ ।
- स्वास्थ्य शिक्षा कार्यक्रम विद्यालय र समुदायसँग सहकार्य गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्दै लगिनेछ ।
- स्त्रीरोग, छालारोग, मधुमेह, रक्तचाप, अपांगता जस्ता समस्यावाट पिडीत व्यक्तिहरुको सुविधाका लागि निशुल्क औषधि र विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिने छ ।
- आयूर्वेद र प्राकृतीक चिकित्सा पद्धतीको विकास गर्दै स्थानीय रुपमा उपलब्ध हुने जडिबुटी वनस्पतिहरुको पहिचान गरि यिनीहरुको महत्व समेतका बारेमा जनचेतना अभिबृद्धि कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरपालिका भित्रका सबै वडाहरुमा प्रारम्भिक स्वास्थ्य सेवा प्रवाह गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकामा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउनका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्ने र सामाजिक सुरक्षाको प्रत्याभूति गराईनेछ ।
- दक्ष र सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारी प्रर्वधन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।
- नगरक्षेत्र भित्र सञ्चालन हुने सार्वजनिक विकास निर्माणका आयोजनाहरुमा सम्बन्धित निर्माण व्यवसायीहरुसँग समन्वय गरी रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई रोजगारी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका तथा रोजगारी गुमाएर बेरोजगार भएका व्यक्तिहरुलाई रोजगारीको व्यवस्था गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ ।
- रोजगार सेवाको प्रवर्धन मार्फत बेरोजगारीको समस्यालाई न्यूनिकरण गरिनेछ ।
- अल्पकालिन रोजगारीका अवसरहरुको सिर्जना गर्न उपयुक्त कार्य गरिनेछ ।

- आन्तरिक रोजगारी सिर्जना गर्न अन्य सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।
- रोजगारीको वर्तमान प्रणालीमा विकास र विस्तार गरी लक्षित वर्गको रोजगारीमा पहुँच अभिबृद्धि गरिनेछ ।
- युवाहरुलाई रोजगारी, तालिम मार्फत क्षमता अभिबृद्धि तथा स्वरोजगारको व्यवस्था गर्न थप पहल गरिनेछ ।

नगर सभासद्ज्यूहरु,

आगामी आर्थिक वर्षको मूल कार्यभार भनेको जनताको जीवन जोगाउँने, आर्थिक विकास, समृद्धि र समावेशी विकासका लागि केन्द्रीत भएर कार्य गर्ने नै हो। करका दरलाई होइन दायरालाई बढाउने र सबैलाई करको दायराभित्र समावेश गर्ने तर्फहरुमा ध्यान केन्द्रित रहनेछ । आत्मनिर्भर नगरको रुपमा विकास गर्नका लागि सक्षम र आम्दानीका नयाँ नयाँ क्षेत्रहरुको पहिचान गर्न विशेष पहल गरिनेछ। खानेपानी, सिँचाई,सडक, विद्युत र सञ्चार नपुगेका वडाका टोल तथा गाउँहरुमा यी पूर्वाधार विकासलाई प्राथमिकतामा राखिनेछ। नगरपालिकाबाट सेवा प्रदान गरिने इकाईहरुको पूर्वाधार, प्रविधि र जनशक्तिका हिसाबले सुसम्पन्न गरिनेछ। सुशासन सुदृढिकरणमा नागरिक निगरानीलाई प्रोत्साहित गरिनेछ। भ्रष्टाचार शुन्य सहनशिलतालाई संस्थागतरुपमा विकास गर्न पारदर्शिता, जवाफदेहीता, सहभागितामुलक जिम्मेवारीपनको विकासमा जोड दिइनेछ।

अन्तमा यस नगरको विकासमा साझेदारी र सहयोग गर्ने नेपाल सरकार, गण्डकी प्रदेश सरकार,विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी संस्था, पत्रकार तथा आमसञ्चार क्षेत्र, नेपाल नगरपालिका संघ र अन्य संघ संस्था लगायत सम्पूर्ण कर्मचारी तथा नगरवासी दाजुभाई, दिदी वहिनीहरुमा धन्यवाद व्यक्त गर्दछु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमा महत्वपूर्ण सहयोग पु¥याउने सबै जनप्रतिनिधि, कर्मचारी, विज्ञ, राजनीतिक दल, संघसंस्था सबैमा हृदयदेखि धन्यवाद व्यक्त गर्दै यसको कार्यान्वयनमा सबै पक्षको साथ र सहयोग प्राप्त हुनेमा विश्वास व्यक्त गर्दछु।

धन्यवाद